विधेयक सङ्ख्याः

# नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०७९

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार, काठमाडौं

# उद्देश्य र कारण

नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरु सम्बन्धी व्यवस्था अन्तर्गत खण्ड (ज) मा शिक्षालाई वैज्ञानिक, प्राविधिक व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउँदै सक्षम, प्रतिष्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने भन्ने रहेको छ । सोहि बमोजिम नेपालमा विश्वविद्यालयहरु स्थापना भई सञ्चालन हुँदै आएका छन् । अहिले सूचना प्रविधिको विस्तार भई विभिन्न नविनतम विषयहरु आइरहनुका अतिरिक्त मौलिक विषयहरुको संरक्षण गर्नु परेको छ । त्यस्ता विधातर्फ गुणस्तरीय उच्च शिक्षा प्रदान गर्नु पर्ने भएको र सोको लागि काठमाडौ उपत्यका वाहिर विश्वविद्यालय र यसको केन्द्रीय कार्यालय रहने गरी विश्वविद्यालयको स्थापना तथा संञ्चालन गर्दा उच्च शिक्षाको अध्ययन, अध्यापन तथा अनुसन्धान गुणस्तरीय, जीवनयोपोगी, नवप्रवर्तनकारी तथा समयसापेक्ष भई मुलुकको सर्वाङ्गीण विकासका लागि योगदान पुग्न जाने हुन्छ। दक्ष, सिर्जनशील, उद्यमशील तथा प्रतिस्पर्धी मानवस्रोत उत्पादन गर्न उत्कृष्ट प्राज्ञिक केन्द्र आवश्यक भएकोले सो कार्य पुरा गर्न प्रस्तुत विश्वविद्यालय स्थापना गर्न आवश्यक भएको छ ।

अन्तरविधात्मक अवधारणा (लिवरल आर्ट) संग सम्बन्धित विधामा गैरसरकारी क्षेत्रको सार्वजनिक विश्वविद्यालयबाट अध्ययन, अध्यापन तथा अनुसन्धान हुँदा मुलुकको समृद्धिको लागि आवश्यक पर्ने नैतिक मूल्य र मान्यता प्रति प्रतिवद्ध उच्चस्तरको जनशक्ति उपलब्ध हुन जाने भएकोले प्रस्तुत “नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” संघीय संसदमा पेश गर्नु परेको हो ।

(देवेन्द्र पौडेल)
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## आर्थिक टिप्पणी

नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा विश्वविद्यालयको संगठन, पदाधिकारीको व्यवस्था गरिएको छ भने विश्वविद्यालय र यसको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकाभन्दा बाहिर रहने, विश्वविद्यालय कोषमा रहने रकममा नेपाल सरकारको दायित्व नहुने गरी व्यवस्था गरिएको छ । यसबाट नेपाल विश्वविद्यालय स्थापना तथा सञ्चालन हुँदा नेपाल सरकारमा आर्थिक दायित्व पर्ने देखिँदैन । तथापि विश्वविद्यालयको पुर्वाधार निर्माण गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विश्वविद्यालय अनुदान आयोगले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था गरिएकोले त्यसरी अनुदान उपलब्ध गराइएको अवस्थामा नेपाल सरकारलाई प्रस्तुत विधेयकबाट थप आर्थिक दायित्व पर्न सक्ने देखिन्छ ।

(देवेन्द्र पौडेल)
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा रहेका प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहाय बमोजिम रहेको छः-

| क्र स | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | १५(३) | विश्वविद्यालयमा अध्ययन, अध्यापन र अनुसन्धान गर्ने प्रयोजनका लागि आवश्यक सङ्ख्यामा विधागत स्कूलहरू रहने र ती स्कुलहरुको सञ्चालन सम्बन्धी व्यवस्था गर्नु पर्ने । | नियमावली संरक्षक परिषदले बनाउने । | ऐनको कार्यान्वयन गर्न सहज र सरल हुन जाने । |
| २ | १६(२) | विश्वविद्यालयमा अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्य गर्नका लागि अनुसन्धान केन्द्र रहने । अनुसन्धान केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था भएको । | अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी व्यवस्थाको लागि रहने अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था संरक्षक परिषदद्वारा जारी हुने नियमावलीमा व्यवस्था गर्न उपयुक्त हुने । | अनुसन्धान केन्द्रबाट हुने अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यको प्रभावकारीतामा वृद्धि हुन जाने । |
| ३ | २०(३) | उपकुलपति, रजिष्ट्रार तथा परिषद्, प्राज्ञिक परिषद् र कार्यकारी समितिका सदस्य पदमा नियुक्तिका लागि सिफारिस समितिले त्यस्तो पदमा तोकिए बमोजिम सिफारिस गर्ने व्यवस्था भएको । | उपकुलपति, रजिष्ट्रार तथा परिषद्, प्राज्ञिक परिषद् र कार्यकारी समितिका सदस्यमा नियुक्तिका सम्बन्धमा नियमावली बमोजिम सिफारिस हुने व्यवस्था गर्ने । | विश्वविद्यालयका पदाधिकारीको नियुक्ति व्यवस्थित हुने । |

| | | | | |
|---|---|---|---|---|
| ४ | २९(घ) | विश्वविद्यालयको निर्देशकबाट सम्पादन हुने अन्य काम, कर्तव्य र अधिकारका विषयहरु नियमावलीमा तोकिए बमोजिम हुने । | निर्देशकबाट सम्पादन हुने अन्य कार्य नियमावलीमा व्यवस्था गर्ने । | निर्देशकको कार्यसम्पादन व्यवस्थित हुन जाने । |
| ५ | ३०(४) | प्रिन्सिपलका काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था गर्नु उपयुक्त हुने । | प्रिन्सिपलका काम, कर्तव्य र अधिकारहरु नियमावलीमा व्यवस्था भए बमोजिम हुने । | प्रिन्सिपलका कार्यमा प्रभावकारिता आउने । |
| ६ | ३२(४) | विश्वविद्यालयका अध्यापक तथा कर्मचारीको नियुक्तिको लागि रहने पदपूर्ति समितिको कार्यविधि नियमावलीमा तोक्नु पर्ने भएको । | अध्यापक तथा कर्मचारीको नियुक्ति प्रक्रिया योग्यता मूलक आधारमा प्रतिष्पर्धात्मक पद्धतिबाट हुने । | विश्वविद्यालयका अध्यापक तथा कर्मचारीको पदपूर्तिमा निष्पक्षता कायम हुन जाने। |
| ७ | ३५(७) | विश्वविद्यालयको कोष र खाताको सञ्चालन सम्बन्धी व्यवस्था गर्नु पर्ने । | विश्वविद्यालयको कोषमा रहने रकम सम्बन्धी व्यवस्थामा एकरुपता कायम गर्नु पर्ने । | कोषको परिचालनमा कार्यदक्षता, प्रभावकारीता तथा मितव्ययिता हुन जाने। |
| ८ | ३७ | विश्वविद्यालयका शैक्षिक कार्यक्रम, शिक्षण पद्धति तथा विद्यार्थीको सिकाई उपलब्धिको मूल्याङ्कन सम्बन्धी व्यवस्था गर्ने । | शैक्षिक कार्यक्रम, शिक्षण पद्धति तथा विद्यार्थीको सिकाई उपलब्धिको मूल्याङ्कनलाई व्यवस्थित बनाउने । | शैक्षिक कार्यक्रम, शिक्षण पद्धति तथा सिकाई उपलब्धी नतिजामूलक हुन जाने । |
| ९ | ३८(१) | विश्वविद्यालयबाट प्रदान गरिने प्रमाणपत्र र उपाधिका सम्बन्धमा आवश्यक व्यवस्था नियमावलीमा गर्नु पर्ने । | प्रमाणपत्र तथा उपाधिका सम्बन्धी व्यवस्थालाई सहज बनाउने । | शैक्षिक प्रमाणपत्र तथा शैक्षिक उपाधिका विषयहरु स्पष्ट हुन जाने । |

| | | | | |
|---|---|---|---|---|
| १० | ३८(४) | प्रमाणपत्र, उपाधि, समकक्षता, मान्यता र स्तर निर्धारण सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको । | शैक्षिक प्रमाणपत्र, उपाधि, समकक्षता, मान्यता र स्तर निर्धारण सम्बन्धी कार्य व्यवस्थित हुन जाने । | विश्वविद्यालयको विश्वसनीयता कायम हुने । |
| ११ | ३९(२) | विश्वविद्यालयका कुलपति तथा सदस्य बाहेक अन्य पदाधिकारीको सेवा सुविधा, पारिश्रमिक तथा सेवाका अन्य शर्त सम्बन्धी व्यवस्था गर्ने। | कुलपति तथा सदस्य बाहेक अन्य पदाधिकारीको सेवा सुविधा, पारिश्रमिक तथा सेवाका अन्य शर्तहरूको व्यवस्था मिलाउने । | सेवा सुविधाका विषयहरु किटान हुन जाने । |
| १२ | ४० | विश्वविद्यालयमा भर्ना हुन चाहिने विद्यार्थी तथा अनुसन्धानकर्ताको योग्यता नियमावलीमा व्यवस्था गर्नु पर्ने भएको। | विद्यार्थी तथा अनुसन्धानकर्ताको योग्यता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलन तथा अभ्यास बमोजिम हुने गरी व्यवस्थित हुन जाने । | योग्यता पुगेका व्यक्तिहरु मात्र अध्ययन अनुसन्धानको लागि भर्ना हुने । |
| १३ | ४४(२) | विश्वविद्यालय परिषद्ले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने विषयहरू नियमावलीमा व्यवस्था गर्नु पर्ने । | विश्वविद्यालयको वार्षिक प्रतिवेदनमा आवश्यक पर्ने विवरणहरु समावेश हुने गरी व्यवस्था गर्ने । | नियमावलीमा व्यवस्था भए बमोजिमको विवरण विश्वविद्यालय अनुदान आयोगमा पेश हुन जाने। |
| १४ | ४६(२) | अध्ययन अनुसन्धान कार्यमा संलग्न हुनेलाई समेत रोयल्टीको केहि हिस्सा दिन सकिने गरी नियमावलीमा व्यवस्था गर्ने । | रोयल्टीसमेत उपलब्ध हुन सक्ने अवस्था स्पष्ट रुपमा खुल्ने । | अध्ययन तथा अनुसन्धान कार्यमा संलग्न हुनेको सम्मान हुनुका साथै सम्बन्धितलाई रोयल्टी प्रप्त हुन जाने । |

| | | | | |
|---|---|---|---|---|
| १५ | ४९(१) | विश्वविद्यालयका काम कारबाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धिका विषयमा हुने बाह्य मूल्याङ्कन सम्बन्धी विषयहरु नियमावलीमा व्यवस्था गर्न आवश्यक भएको । | वाह्य मूल्याङ्कन सम्बन्धी व्यवस्था प्रभावकारी हुन जाने। | वाह्य मूल्याङ्कन वस्तुनिष्ठ, प्रभावकारी र व्यवस्थित हुने। |
| १६ | ५७ | ऐनको कार्यान्वयनको लागि परिषद्ले आवश्यक नियम बनाउन सक्ने । नियम बनाउँदा नेपाल सरकारलाई कुनै पनि आर्थिक व्ययभार नपर्ने गरी बनाउनु पर्ने । | परिषदबाट नियम बन्ने र त्यस्ता नियमहरु कुलपति र सदस्य बाहेक अन्य पदाधिकारीको सेवा सुविधा, पारिश्रमिक तथा सेवाका शर्त सम्बन्धी विषय, अध्यापक तथा विश्वविद्यालयका कर्मचारीको सेवा सुविधा, पारिश्रमिक तथा सेवाका शर्त सम्बन्धी विषय, आर्थिक प्रशासन सम्बन्धी विषय, खरिदसंग सम्बन्धित विषयमा नियमावली बन्न सक्ने । | ऐनको कार्यान्वयन सहज र प्रभावकारी हुने । |

## नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | यस ऐनको नाम "नेपाल विश्वविद्यालय ऐन, २०७९" रहेको र यो ऐन तुरुन्त प्रारम्भ हुने व्यवस्था गरिएको छ। |
| २ | परिभाषा | प्रस्तुत ऐनमा पटक पटक दोहोरिएका अध्यापक, उपकुलपति, कुलपति, डीन, तोकिएको वा तोकिए बमोजिम, पदाधिकारी, परिषद्, मन्त्रालय, |

| | | |
|---|---|---|
| | | विश्वविद्यालय र सदस्य जस्ता शब्दहरुको दफा २ मा परिभाषा गरिएको छ । |
| ३ | विश्वविद्यालयको स्थापना | अन्तरविधात्मक अवधारणा (लिबरल आर्टस्) मा आधारित बहुविधागत गुणस्तरीय अध्ययन, अध्यापन र अनुसन्धान मार्फत दक्ष, सिर्जनशील र प्रतिस्पर्धी मानवस्रोतको उत्पादन गर्न, नवीनतम ज्ञानको सिर्जना र नवप्रवर्तन गर्दै समुन्नत राष्ट्र निर्माणमा योगदान पुऱ्याउन मुनाफा वितरण नगर्ने गैरसरकारी क्षेत्रको सार्वजनिक विश्वविद्यालयको रूपमा नेपाल विश्वविद्यालय स्थापना हुने तथा काठमाडौं उपत्यका बाहिर परिषद्ले तोकेको स्थानमा विश्वविद्यालय र त्यसको केन्द्रीय कार्यालय रहने व्यवस्था गरिएको छ। |
| ४ | विश्वविद्यालय स्वशासित र सङ्गठित संस्था हुने | विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था तथा कानूनी व्यक्ति हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ५ | विश्वविद्यालयको सङ्गठन | विश्वविद्यालयको सङ्गठनात्मक संरचनामा संरक्षक परिषद्,प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, अनुसन्धान केन्द्र, स्कूल, कलेज रहने व्यवस्था यस दफामा गरिएको छ। |
| ६ | विश्वविद्यालयका पदाधिकारी | विश्वविद्यालयमा रहने पदाधिकारीमा कुलपति, उपकुलपति, रजिष्ट्रार, डीन,निर्देशक,प्रिन्सिपल सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। |
| ७ | संरक्षक परिषद् | विश्वविद्यालयको सर्वोच्च निकायको रूपमा संरक्षक परिषद् रहने । परिषदमा कुलपति अध्यक्ष रहने । परिषदमा उपकुलपति, शिक्षाविद्, स्थानीय तहको प्रमुख, प्राज्ञिक व्यक्ति, उद्योगपति, दाता, प्रशासनिक क्षेत्रमा अनुभवप्राप्त व्यक्ति तथा रजिष्ट्रार सम्मिलित पन्ध्र सदस्यीय परिषदको व्यवस्था गरिएको छ । परिषद सदस्य हुनको लागि योग्यताको व्यवस्था, पदरिक्त हुनुभन्दा तीन महिना अगावै मनोनयन गर्नु पर्ने तथा कर्तव्य पालन नगरेको सहितका अवस्थामा पदबाट हटाउन सकिने व्यवस्था गरिएको छ । पदबाट हटाउनु अघि सफाईको मौका दिनु पर्ने, मनासिव कारण बाहेक लगातार तीन पटक बैठकमा अनुपस्थित भएमा परिषद सदस्यबाट स्वत: पदमुक्त हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ८ | परिषद्को बैठक | संरक्षक परिषद्को बैठक वर्षको कम्तीमा चार पटक बस्नु पर्ने, बैठक कुलपतिले तोकेको मिति, समय र स्थानमा बस्ने तथा कम्तीमा तीन दिनअगावै सोको बैठकमा छलफल हुने विषयको प्रस्तावको कार्यसूचीसहितको सूचना परिषद्को सदस्य-सचिवले सबै सदस्यलाई दिनु |

| | | |
|---|---|---|
| | | पर्ने, गणपूरक सख्या, बहुमतको निर्णय मान्य हुने तथा आमन्त्रितलाई मताधिकार नहुने व्यवस्था यस दफामा गरिएको छ । |
| ९ | विशेष बैठक सम्बन्धी व्यवस्था | एक चौथाई सदस्यले आधार र कारण खुलाई परिषद्को विशेष बैठक बोलाउन माग गर्न सक्ने तथा विशेष बैठक बोलाउन माग गरेमा कुलपतिले त्यस्तो माग भएको मितिले पन्ध्र दिनभित्र बैठक बोलाउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| १० | परिषद्को काम, कर्तव्य र अधिकार | अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त विश्वविद्यालयको प्राज्ञिक, शैक्षिक, आर्थिक र व्यवस्थापकीय नीति तथा मापदण्ड निर्धारण गर्ने, विश्वविद्यालयको उद्देश्य अनुरूप विश्वविद्यालयको अल्पकालीन तथा दीर्घकालीन योजना तथा रणनीति स्वीकृत गर्ने, विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने, विश्वविद्यालयका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने वा गराउने,विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरू निर्धारण र स्वीकृत गर्ने सहितका विश्वविद्यालयको नीतिगत कार्य संरक्षक परिषदबाट हुने व्यवस्था गरिएको छ । विश्वविद्यालयको सर्वोच्च निकायको रुपमा रहने गरी यसको व्यवस्था गरिएको छ । |
| ११ | प्राज्ञिक परिषद्को गठन | विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान कार्यलाई व्यवस्थित गर्ने निकायको रूपमा काम गर्न प्राज्ञिक परिषद् रहने र यसमा उपकुलपतिको संयोजकत्वमा नौ सदस्य हुने व्यवस्था यस दफामा गरिएको छ । |
| १२ | प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार | विश्वविद्यालयको आवश्यकता, औचित्य तथा संस्थागत क्षमताको मूल्याङ्कन गरी विश्वविद्यालयले सञ्चालन गर्ने विभिन्न विधाका प्राज्ञिक कार्यक्रमहरू स्वीकृत गर्ने, विश्वविद्यालयमा अध्ययन र प्रशिक्षण हुने विषयको पाठ्यक्रम र शिक्षण विधि स्वीकृत गर्ने सहितका कार्य प्राज्ञिक परिषद्को हुने व्यवस्था यस दफामा गरिएको छ । |
| १३ | कार्यकारी परिषद् | विश्वविद्यालयको कार्यकारी निकायको रूपमा काम गर्न उपकुलपति संयोजक हुने गरी पाँच सदस्य रहेको कार्यकारी परिषद् रहने, यसको बैठकसम्बन्धी कार्यविधि कार्यकारी परिषदबाट निर्धारण भए बमोजिम हुने तथा संयोजक बाहेक अन्य परिषदबाट मनोनयन हुने व्यवस्था यस दफामा गरिएको छ । |
| १४ | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारमा परिषद्को निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने, विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरू तयार |

| | | |
|---|---|---|
| | | गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १५ | स्कूल | अध्ययन, अध्यापन र अनुसन्धान गर्ने प्रयोजनका लागि आवश्यक सङ्ख्यामा विधागत स्कूलहरू रहने तथा विद्यार्थी संख्या, भौतिक स्रोत र साधनको पर्याप्तता तथा कार्यबोझका आधारमा एक वा एकभन्दा बढी कार्यक्रम एउटै स्कूल अन्तर्गत सञ्चालन गर्न सकिने व्यवस्था यस दफामा गरिएको छ। |
| १६ | अनुसन्धान केन्द्र | अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्य गर्नका लागि अनुसन्धान केन्द्र रहने व्यवस्था यस दफामा गरिएको छ। |
| १७ | कुलपति | कुलपति विश्वविद्यालयको प्रमुख हुने, विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता कुलपतिले गर्ने, कुलपति परिषद्का सदस्यले छनोट गर्ने तथा दफा ७ को उपदफा (१) को खण्ड (ङ), (च) र (झ) बमोजिम मनोनित सदस्य मध्येबाट हुने, कुलपतिको पदावधि चार वर्षको हुने तथा अर्को कार्यकालको लागि पुनः नियुक्त हुन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| १८ | उपकुलपति | विश्वविद्यालयको कार्यकारी प्रमुखको हैसियतमा कार्यसम्पादन गर्न विश्वविद्यालयमा एकजना उपकुलपति रहने, दफा २० बमोजिमको सिफारिस समितिबाट भएको सिफारिसका आधारमा परिषद्ले उपकुलपति नियुक्त गर्ने तथा निजको पदावधि चार वर्षको हुने र अर्को कार्यकालको लागि पुनः नियुक्त हुन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| १९ | उपकुलपतिको योग्यता | मान्यताप्राप्त कुनै विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,<br>प्राज्ञिक क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव भएको, शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको, पैंतीस वर्ष उमेर पूरा भएको, र उच्च नैतिक चरित्र भएको व्यक्ति उपकुलपति हुन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| २० | सिफारिस समिति | उपकुलपति, रजिष्ट्रार तथा परिषद्, प्राज्ञिक परिषद् र कार्यकारी समितिका सदस्य पदमा नियुक्तिका लागि सिफारिस गर्न कम्तीमा एकजना महिला सहितको तीन सदस्य रहेको सिफारिस समितिको गठन परिषद्ले गर्ने व्यवस्था गरिएको छ । यस समितिले सार्वजनिक सूचना प्रकाशन गरी |

| | | |
|---|---|---|
| | | दरखास्त आह्वान गर्नुपर्ने, योग्य उम्मेदवारको सिफारिस गर्ने तथा सिफारिस भएको व्यक्तिलाई परिषद्ले पन्ध्र दिनभित्र उपकुलपति पदमा नियुक्ति गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| २१ | उपकुलपतिको काम, कर्तव्य र अधिकार | परिषद्को निर्णय र निर्देशन कार्यान्वयन गर्ने वा गराउने, विश्वविद्यालयका सबै काम कारवाहीउपर नियन्त्रण र रेखदेख गर्ने सहितका काम, कर्तव्य र अधिकार उपकुलपतिको हुने व्यवस्था यस दफामा गरिएको छ । |
| २२ | रजिष्ट्रार | विश्वविद्यालयमा एकजना रजिष्ट्रार रहने तथा निजको नियुक्ति दफा २० बमोजिमको सिफारिस समितिको सिफारिसमा कुलपतिले गर्ने, निजको पदावधि चार वर्षको हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २३ | रजिष्ट्रारको योग्यता | मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको, प्राज्ञिक वा शैक्षिक प्रशासन वा अनुसन्धानको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको, प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको, पैंतीस वर्ष उमेर पूरा भएको, उच्च नैतिक चरित्र भएको व्यक्ति रजिष्ट्रारमा नियुक्त हुन योग्य हुने व्यवस्था यस दफामा गरिएको छ । |
| २४ | रजिष्ट्रारको काम, कर्तव्य र अधिकार | विश्वविद्यालयको प्राज्ञिक मामिलाको नेतृत्व र समन्वय गर्ने, शिक्षण, प्रशिक्षण र अनुसन्धानको स्तर कायम राख्ने काम, कर्तव्य र अधिकार रजिष्ट्रारको हुने व्यवस्था यस दफामा गरिएको छ । |
| २५ | पदबाट हटाउने | पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरुपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी आधार र कारणसहित कुलपति, उपकुलपति तथा रजिष्ट्रार विरुद्ध उजुरी सम्बन्धी व्यवस्था तथा त्यसरी उजुरी परेमा सो उपर छानविन हुने, सफाईको मौका दिनु पर्ने, छानविन समिति गठन भएपछि पदबाट निलम्बन हुने व्यवस्था यस दफामा गरिएको छ । यसबाट आन्तरिक सुव्यवस्था कायम हुन जाने हुन्छ । |
| २६ | डीन | स्कूल प्रमुखको हैसियतमा पूरा समय काम गर्ने पदाधिकारीको रूपमा एकजना डीन रहने, आवश्यक परेमा कुनै डीनलाई एकभन्दा बढी स्कूल प्रमुखको जिम्मेवारी दिन सकिने, सम्बन्धित विधामा स्नातकोत्तर गरी कम्तीमा आठ वर्षको प्राध्यापन सम्बन्धी अनुभव हासिल गरेको व्यक्तिलाई उपकुलपतिको सिफारिसमा कार्यकारी परिषद्ले डीन नियुक्ति |

| | | |
|---|---|---|
| | | गर्ने तथा डीनको पदावधि चार वर्षको हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २७ | डीनको काम, कर्तव्य र अधिकार | स्कूल प्रमुखको रूपमा प्राज्ञिक तथा शैक्षिक नेतृत्व गर्ने, स्कूल अन्तर्गतका विषयमा पठनपाठन र अनुसन्धानको स्तर विकासका लागि आवश्यक पर्ने कार्य गर्ने, गराउने कार्य डीनको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था यस दफामा उल्लेख गरिएको छ । |
| २८ | निर्देशक | अनुसन्धान केन्द्रको प्रमुखको रूपमा निर्देशक रहने तथा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित विषय र क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेका व्यक्तिहरूमध्ये उपकुलपतिको सिफारिसमा कार्यकारी परिषद्ले निर्देशक नियुक्ति गर्ने र निर्देशकको पदावधि चार वर्षको हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २९ | निर्देशकको काम, कर्तव्य र अधिकार | अनुसन्धान केन्द्रको आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने, अनुसन्धान केन्द्रको वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गराई स्वीकृतिका लागि पेश गर्ने काम, कर्तव्य र अधिकार कार्य निर्देशकको हुने व्यवस्था यस दफामा गरिएको छ । |
| ३० | प्रिन्सिपल | कलेज प्रमुखको रूपमा प्रिन्सिपल रहने मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विधामा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कम्तीमा पाँच वर्षको प्राध्यापनको अनुभव हासिल गरेको व्यक्तिलाई उपकुलपतिको सिफारिसमा कार्यकारी परिषद्ले प्रिन्सिपल नियुक्ति गर्ने तथा प्रिन्सिपलको पदावधि चार वर्षको हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ३१ | डीन, निर्देशक तथा प्रिन्सिपल हटाउने | डीन, निर्देशक वा प्रिन्सिपलले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी कसैले पनि उपकुलपति समक्ष निवेदन दिन सक्ने र सोमा विश्वसनीय हो भन्ने आधार देखिएमा छानबिन गर्ने प्रयोजनको लागि कार्यकारी परिषद्ले कार्यकारी परिषद्को कुनै सदस्यको अध्यक्षतामा तीनजना सदस्य रहेको एक छानबिन समिति गठन गर्न सक्ने उक्त समितिबाट सिफारिस भई आएमा सुनुवाईको मौका दिई निजलाई उपकुलपतिले पदबाट हटाउने व्यवस्था यस दफामा व्यवस्था गरिएको छ। |
| ३२ | अध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था | विश्वविद्यालयमा आवश्यक संख्यामा अध्यापक तथा कर्मचारी रहने उपकुलपतिले विश्वविद्यालयको आफ्नै स्रोतबाट व्यहोर्ने गरी अध्यापक वा कर्मचारीको पदमा नियुक्त गर्ने ।विश्वविद्यालयका अध्यापक तथा |

| | | |
|---|---|---|
| | | कर्मचारी नियुक्तिको लागि सिफारिस गर्न परिषद्ले एक पदपूर्ति समिति गठन गर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ३३ | प्राज्ञिक सहकार्य | कुनै विदेशी विश्वविद्यालयसँग भएको प्राविधिक सहायता, सम्झौता वा समझदारी बमोजिम त्यस्तो विदेशी विश्वविद्यालयको बहालवाला वा सेवानिवृत्त अध्यापक वा विज्ञले स्वयंसेवकको रूपमा वा त्यस्तो विदेशी विश्वविद्यालयले निजको पारिश्रमिक व्यहोर्ने गरी विश्वविद्यालयमा अध्ययन, अध्यापन, प्रशिक्षण वा अन्य कुनै प्राज्ञिक कार्य सम्पादन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ३४ | पदाधिकारीको पद रिक्त हुने अवस्था | आफ्नो पदबाट राजीनामा दिएमा, पदावधि पूरा भएमा, यस ऐन बमोजिम पदबाट हटाइएमा, मृत्यु भएमा विश्वविद्यालयको पदाधिकारीको पद स्वतः रिक्त भएको मानिने व्यवस्था यस दफामा गरिएको छ । |
| ३५ | विश्वविद्यालयको कोष | विश्वविद्यालयको एउटा छुट्टै कोष हुने कोषमा कुनै व्यक्ति वा संस्थाबाट चन्दा, दान, दातव्य वा आर्थिक सहायतास्वरूप प्राप्त रकम, विदेशी व्यक्ति वा सरकार र अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम, शिक्षण शुल्कबाट प्राप्त रकम, विश्वविद्यालयको बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारबाट प्राप्त रकम, र विश्वविद्यालयले आर्जन गरेको अन्य सबै प्रकारको रकम उक्त कोषमा रहने व्यवस्था रहेको छ । त्यस्तै विश्वविद्यालयको पूर्वाधार निर्माण गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विश्वविद्यालय अनुदान आयोगले विश्वविद्यालयलाई अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ३६ | लेखा र लेखापरीक्षण | विश्वविद्यालयले आफ्नो आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्ने तथा विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ३७ | शिक्षण पद्धति तथा शैक्षिक कार्यक्रमको मूल्याङ्कन | विश्वविद्यालयबाट सञ्चालन गरिने शैक्षिक कार्यक्रम, शिक्षण पद्धति तथा विद्यार्थीको सिकाई उपलब्धिको मूल्याङ्कन सम्बन्धी व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा व्यवस्था गरिएको छ । |
| ३८ | प्रमाणपत्र र उपाधि दिने तथा समकक्षता र स्तर निर्धारण | विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई नियमावलीमा तोकिए बमोजिमको प्रमाणपत्र र उपाधि प्रदान गर्ने तथा प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |

| | | |
|---|---|---|
| ३९ | पदाधिकारीको सेवा सुविधा तथा पारिश्रमिक | कुलपति तथा सदस्यको सेवा र सुविधा परिषद्बाट निर्धारण भए बमोजिम हुने तथा अन्य पदाधिकारीको सेवा सुविधा, पारिश्रमिक तथा सेवाका अन्य शर्तहरू नियमावलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ४० | विद्यार्थी भर्ना हुन चाहिने योग्यता | विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थी तथा अनुसन्धानकर्ताको योग्यता नियमावलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा व्यवस्था गरिएको छ। |
| ४१ | छात्रवृत्ति सम्बन्धी व्यवस्था | विश्वविद्यालयमा भर्ना भएका विद्यार्थीको लागि विश्वविद्यालयले छात्रवृत्ति सम्बन्धी प्रचलित कानून बमोजिम छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था यस दफामा गरिएको छ। |
| ४२ | सम्बन्धन वा स्वीकृति नदिने | विश्वविद्यालयले अन्य शैक्षिक संस्थालाई सम्बन्धन वा स्वीकृति दिने छैन भन्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ४३ | काम कारबाही बदर नहुने | पदाधिकारीको स्थान रिक्त भएको वा पदाधिकारीको नियुक्ति वा मनोनयनमा त्रुटि भएको कारणले मात्र त्यस्तो पदाधिकारी संलग्न भई गरेको विश्वविद्यालयको कुनै काम कारबाही बदर नहुने व्यवस्था यस दफामा गरिएको छ । |
| ४४ | वार्षिक प्रतिवेदन | विश्वविद्यालय परिषद्ले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन विश्वविद्यालय अनुदान आयोगमा पेश गर्नु पर्ने र उक्त प्रतिवेदनमा खुलाउनु पर्ने विषयहरू नियमावलीमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ४५ | समिति वा कार्यदल गठन | विश्वविद्यालयले आवश्यकता अनुसार समिति वा कार्यदल गठन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ४६ | बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार | विश्वविद्यालयले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम विश्वविद्यालयमा सुरक्षित रहने व्यवस्था यस दफामा गरिएको छ। यसबाट वौद्धिक सम्पत्तिको संरक्षण हुन जानेछ । |
| ४७ | विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई नियुक्ति वा मनोनयन गर्न सकिने | विश्वविद्यालयमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई कुलपति बाहेकको पदाधिकारी वा अध्यापक वा अनुसन्धानकर्ता पदमा नियुक्ति वा मनोनयन गर्न सकिने व्यवस्था यस दफामा गरिएको छ। |
| ४८ | स्वार्थ बाझिएमा काम कारबाही गर्न नहुने | विश्वविद्यालयमा मनोनयन वा नियुक्त हुने पदाधिकारीले विश्वविद्यालयको हित वा सरोकारसँग स्वार्थ बाझिने देखिएमा निज त्यस्तो काम कारबाही |

| | | |
|---|---|---|
| | | वा निर्णय प्रक्रियामा सहभागी हुन नपाउने व्यवस्था यस दफामा गरिएको छ । |
| ४९ | बाह्य मूल्याङ्कन गरिने | विश्वविद्यालयले प्रत्येक तीन वर्षमा विश्वविद्यालयबाट भए गरेका काम कारबाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धि लगायतका विषयमा नियमावलीमा व्यवस्था भए बमोजिम बाह्य मूल्याङ्कन गराउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५० | निरीक्षण र जाँचबुझ गरी निर्देशन दिन सक्ने | विश्वविद्यालयको काम कारबाही वा प्रगति सन्तोषजनक नदेखिएमा वा विश्वविद्यालयमा अनियमितता वा भ्रष्टाचार भएकोमा वा विश्वविद्यालयले आफ्नो उद्देश्य अनुरूप काम कारबाही गर्न नसकेकोमा वा अन्य कुनै कारणबाट विश्वविद्यालयको सञ्चालनमा बाधा उत्पन्न भएकोमा शिक्षा सम्बन्धी मन्त्रालयले निरीक्षण तथा जाँचबुझ समिति गठन गरी विश्वविद्यालयको काम कारबाहीको निरीक्षण र जाँचबुझ गर्न, गराउन सक्ने व्यवस्था यस दफामा व्यवस्था गरिएको छ । |
| ५१ | विश्वविद्यालयको सम्पत्ति नेपाल सरकारको हुने | कुनै कारणबाट विश्वविद्यालय सञ्चालन हुन नसकी विघटन भएमा विश्वविद्यालयको सम्पूर्ण सम्पत्ति नेपाल सरकारको हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ५२ | अधिकार प्रत्यायोजन | परिषद्ले, प्राज्ञिक परिषद्ले, कार्यकारी परिषद्ले तथा कुनै पदाधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ५३ | सूचना प्रविधिको प्रयोग | विश्वविद्यालयले विश्वविद्यालयको काममा आवश्यकता अनुसार सूचना तथा सञ्चार प्रविधिको उपयुक्त माध्यम प्रयोग गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५४ | शिक्षण शुल्क निर्धारण गर्ने | परिषद्ले विश्वविद्यालयमा अध्ययन वा अनुसन्धान गर्ने विद्यार्थी वा अनुसन्धानकर्ताले बुझाउनु पर्ने शिक्षण शुल्कको निर्धारण गर्ने तथा विदेशी नागरिकले विश्वविद्यालयमा अध्ययन गर्दा परिषद्ले अन्यथा निर्णय गरेकोमा बाहेक विदेशी मुद्रामा शुल्क भुक्तानी गर्नुपर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५५ | नेपाल सरकारसँग सम्पर्क | विश्वविद्यालयले नेपाल सरकारसँग सम्पर्क राख्दा शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय मार्फत् राख्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ५६ | ऐन कार्यान्वयन मापन | यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र सो अवधि पश्चात् प्रत्येक पाँच वर्षमा मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ |

| | | |
|---|---|---|
| | | र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५७ | नियम बनाउने अधिकार | यस ऐनको कार्यान्वयनको लागि संरक्षक परिषद्ले आवश्यक नियम बनाउन सक्ने। यसरी नियम बनाउदा कुलपति र सदस्य बाहेक अन्य पदाधिकारीको सेवा सुविधा, पारिश्रमिक तथा सेवाका शर्त सम्बन्धी विषय, अध्यापक तथा विश्वविद्यालयका कर्मचारीको सेवा सुविधा, पारिश्रमिक तथा सेवाका शर्त सम्बन्धी विषय, आर्थिक प्रशासन सम्बन्धी विषय, खरिद सम्बन्धी विषय, ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयहरू हुनु पर्ने र त्यसरी नियम बनाउँदा नेपाल सरकारलाई कुनै पनि आर्थिक व्ययभार नपर्ने गरी बनाउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५८ | खारेजी र बचाउ | नेपाल विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७ खारेज गरिएको र उक्त गठन आदेश बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने तथा दफा (७) को उपदफा (२) र (४) को प्रयोजनको लागि उपदफा (१) बमोजिमको समिति कायमै रहेको मानिने व्यवस्था यस दफामा गरिएको छ। |

# नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** उच्च शिक्षाको अध्ययन, अध्यापन तथा अनुसन्धानलाई गुणस्तरीय, जीवनोपयोगी, नवप्रवर्तनकारी तथा समयसापेक्ष बनाई मुलुकको सर्वाङ्गीण विकासका लागि योगदान दिन सक्ने दक्ष, सिर्जनशील, उद्यमशील र प्रतिस्पर्धी मानवस्रोत उत्पादन गर्ने उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा गैरसरकारी क्षेत्रमा सार्वजनिक विश्वविद्यालय स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल विश्वविद्यालय ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यापक" भन्नाले विश्वविद्यालयको प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक सम्झनु पर्छ र सो शब्दले इन्डाउड प्राध्यापक, विशिष्ट (इमिरेटस्) प्राध्यापक, कार्यानुभवी प्राध्यापक (प्रोफेसर अफ प्राक्टिस), प्रशिक्षक वा आगन्तुक प्राध्यापक (भिजिटिङ प्रोफेसर) लाई समेत जनाउँछ।

(ख) "उपकुलपति" भन्नाले दफा १८ बमोजिमको उपकुलपति सम्झनु पर्छ।

(ग) "कुलपति" भन्नाले दफा १७ बमोजिमको कुलपति सम्झनु पर्छ।

(घ) "डीन" भन्नाले दफा २६ बमोजिमको डीन सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "पदाधिकारी" भन्नाले दफा ६ बमोजिमको पदाधिकारी सम्झनु पर्छ।

(छ) "परिषद्" भन्नाले दफा ७ बमोजिमको संरक्षक परिषद् सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) "विश्वविद्यालय" भन्नाले दफा ३ बमोजिमको नेपाल विश्वविद्यालय सम्झनु पर्छ।

(ञ) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ।

## परिच्छेद- २
## विश्वविद्यालयको स्थापना

३. **विश्वविद्यालयको स्थापनाः** (१) अन्तरविधात्मक अवधारणा (लिबरल आर्टस्) मा आधारित बहुविधागत गुणस्तरीय अध्ययन, अध्यापन र अनुसन्धान मार्फत दक्ष, सिर्जनशील र प्रतिस्पर्धी मानवस्रोतको उत्पादन गर्न, नवीनतम ज्ञानको सिर्जना र नवप्रवर्तन गर्दै समुन्नत राष्ट्र निर्माणमा योगदान पुऱ्याउन मुनाफा वितरण नगर्ने गैरसरकारी क्षेत्रको सार्वजनिक विश्वविद्यालयको रूपमा नेपाल विश्वविद्यालय स्थापना गरिएको छ।

(२) विश्वविद्यालयलाई अंग्रेजीमा नेपाल युनिभर्सिटी भनिनेछ।

(३) काठमाडौं उपत्यका बाहिर परिषद्ले तोकेको स्थानमा विश्वविद्यालय र त्यसको केन्द्रीय कार्यालय रहनेछ।

४. **विश्वविद्यालय स्वशासित र सङ्गठित संस्था हुनेः** (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था हुनेछ र यो कानूनी व्यक्ति हुनेछ।

(२) विश्वविद्यालयले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

## परिच्छेद- ३
## विश्वविद्यालयको सङ्गठन र पदाधिकारी

५. **विश्वविद्यालयको सङ्गठनः** विश्वविद्यालयको सङ्गठनात्मक संरचना देहाय बमोजिम हुनेछ र त्यस्ता सङ्गठनको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछः-

(क) संरक्षक परिषद्,
(ख) प्राज्ञिक परिषद्,
(ग) कार्यकारी परिषद्,
(घ) अनुसन्धान केन्द्र,
(ङ) स्कूल,
(च) कलेज।

६. **विश्वविद्यालयका पदाधिकारीः** विश्वविद्यालयमा देहायका पदाधिकारी रहनेछन्ः-

(क) कुलपति,
(ख) उपकुलपति,
(ग) रजिष्ट्रार,
(घ) डीन,
(ङ) निर्देशक,
(च) प्रिन्सिपल।

७. **संरक्षक परिषद:** (१) विश्वविद्यालयको सर्वोच्च निकायको रूपमा देहाय बमोजिमको संरक्षक परिषद् रहनेछः-

(क) कुलपति -अध्यक्ष

(ख) उपकुलपति -सदस्य

(ग) विश्वविद्यालय रहेको प्रदेशको प्रदेश सरकारले मनोनित गरेको शिक्षाविद् एकजना -सदस्य

(घ) विश्वविद्यालय रहेको स्थानीय तहको प्रमुख -सदस्य

(ङ) शिक्षाविद् मध्येबाट एकजना -सदस्य

(च) नेपालमा विश्वविद्यालय स्थापना वा सञ्चालनमा योगदान पुऱ्याएका प्राज्ञिक व्यक्तिमध्येबाट कम्तीमा दुईजना महिलासहित पाँचजना -सदस्य

(छ) उद्योगपति, रोजगारदाता तथा किसान मध्येबाट दुईजना -सदस्य

(ज) विश्वविद्यालयलाई तोकिएको भन्दा बढी आर्थिक सहयोग उपलब्ध गराउने दाताहरू -सदस्य

(झ) सार्वजनिक प्रशासन, व्यवस्थापन, प्राज्ञिक अनुसन्धानको क्षेत्रमा योगदान गरेका वा नेपाल सरकारको सेवामा उच्च तहमा रही अनुभव प्राप्त व्यक्तिमध्येबाट एकजना -सदस्य

(ञ) रजिष्ट्रार -सदस्य-सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि कुलपतिको नियुक्ति नभएसम्मको लागि नेपाल विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७ बमोजिम गठित समितिको अध्यक्षले संरक्षक परिषद्को अध्यक्षको रूपमा कार्य गर्नेछ।

(३) उपदफा (१) को खण्ड (ङ), (च), (छ) र (झ) बमोजिमका सदस्यको मनोनयन दफा २० बमोजिमको सिफारिस समितिको सिफारिसमा कुलपतिले गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि पहिलो पटकका लागि उपदफा (१) को खण्ड (ङ), (च), (छ) र (झ) बमोजिमका सदस्यको मनोनयन नेपाल विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७ बमोजिम गठित समितिले गर्नेछ।

(५) सिफारिस समितिले सदस्य मनोनयनका लागि सिफारिस गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ।

(७) देहायको योग्यता भएको व्यक्ति उपदफा (१) बमोजिमको सदस्य मनोनित हुन योग्य हुनेछः-

(क) पैंतीस वर्ष उमेर पूरा भएको,

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) भ्रष्ट्राचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(घ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य नरहेको,

(ङ) उच्च नैतिक चरित्र भएको।

तर उपदफा (१) को खण्ड (च) बमोजिम मनोनित हुने सदस्यको हकमा खण्ड (क) र (ख) को व्यवस्था लागू हुनेछैन।

(८) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि समाप्त हुनुभन्दा तीन महिना अगावै यस दफा बमोजिम मनोनयन प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(९) उपदफा (१) बमोजिम मनोनित कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरूपको आचरण नगरेको वा इमानदारीपूर्वक आफ्नो कर्तव्य पालना नगरेको वा विश्वविद्यालयको हित विपरीत कुनै काम गरेको वा निज नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहर भएको अवस्थामा परिषद्ले त्यस्तो सदस्यलाई पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई सफाई पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

(१०) परिषद्को कुनै सदस्य मनासिब कारण बाहेक कुलपतिलाई पूर्व जानकारी नगराई परिषद्को बैठकमा लगातार तीन पटक भन्दा बढी अनुपस्थित भएमा त्यस्तो सदस्य आफ्नो पदबाट स्वतः मुक्त हुनेछ।

८. **<u>परिषद्को बैठकः</u>** (१) परिषद्को बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ।

(२) परिषद्को बैठक कुलपतिले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठक बस्नुभन्दा कम्तीमा तीन दिनअगावै बैठकमा छलफल हुने विषयको प्रस्तावको कार्यसूचीसहितको सूचना परिषद्को सदस्य-सचिवले सबै सदस्यलाई दिनु पर्नेछ।

(४) परिषद्मा तत्काल कायम रहेको सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता कुलपतिले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता उपकुलपतिले गर्नेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को अध्यक्षता गर्ने व्यक्ति र सदस्य-सचिवबाट प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।

(८) परिषद्को बैठकमा विश्वविद्यालयका प्राध्यापक वा विद्यार्थी प्रतिनिधि वा विशिष्ट स्वदेशी वा विदेशी विद्वान् वा ख्यातिप्राप्त विश्वविद्यालयका प्राध्यापक वा शिक्षाविद्लाई आमन्त्रण गर्न सकिनेछ।

तर त्यस्तो व्यक्तिलाई मत दिने अधिकार हुनेछैन।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. **विशेष बैठक सम्बन्धी व्यवस्थाः** (१) परिषद्को एक चौथाई सदस्यले आधार र कारण खुलाई परिषद्को विशेष बैठक बोलाउन माग गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम विशेष बैठक बोलाउन माग गरेमा कुलपतिले त्यस्तो माग भएको मितिले पन्ध्र दिनभित्र बैठक बोलाउनु पर्नेछ र त्यस्तो बैठकमा उपदफा (१) बमोजिम बैठक बोलाइएको विषयमा मात्र छलफल र निर्णय हुन सक्नेछ।

(३) उपदफा (२) बमोजिम कुलपति नभएमा वा निजले बैठक नबोलाएमा उपदफा (२) बमोजिमको अवधि समाप्त भएको मितिले उपकुलपति भए सात दिनभित्र र उपकुलपति नभएमा वा निजले समेत बैठक नबोलाएमा सदस्यहरूमध्ये उमेरको हिसाबले सबैभन्दा ज्येष्ठ सदस्यले बैठक बोलाउनेछ र त्यस्तो बैठकको अध्यक्षता ज्येष्ठ सदस्यले गर्नेछ।

(४) विशेष बैठकको सञ्चालन र निर्णय प्रक्रिया सम्बन्धी अन्य व्यवस्था दफा ८ बमोजिम हुनेछ।

१०. **परिषद्को काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको प्राज्ञिक, शैक्षिक, आर्थिक र व्यवस्थापकीय नीति तथा मापदण्ड निर्धारण गर्ने,

(ख) विश्वविद्यालयको उद्देश्य अनुरूप विश्वविद्यालयको अल्पकालीन तथा दीर्घकालीन योजना तथा रणनीति स्वीकृत गर्ने,

(ग) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(घ) विश्वविद्यालयका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने वा गराउने,

(ङ) विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरू निर्धारण र स्वीकृत गर्ने,

(च) विश्वविद्यालयको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्कूल, कलेज, अनुसन्धान केन्द्र स्थापना तथा नयाँ कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने,

(छ) विश्वविद्यालयको प्राज्ञिक मूल्य र मान्यतालाई संरक्षण र सम्वर्द्धन गर्ने,

(ज) विश्वविद्यालयको लागि आवश्यक आर्थिक स्रोत जुटाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा सम्पर्क, वार्ता तथा सहकार्य गर्ने वा गराउने,

(झ) विश्वविद्यालयको भौतिक संरचनाको गुरुयोजना तयार गरी निर्माण गर्ने, गराउने,

(ञ) लेखापरीक्षक नियुक्त गर्ने, लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन छलफल गर्ने र स्वीकृत गर्ने,

(ट) परिषद्को वार्षिक प्रतिवेदन छलफल गरी स्वीकृत गर्ने,

(ठ) विश्वविद्यालयको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने।

११. **<u>प्राज्ञिक परिषद्को गठनः</u>** (१) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान कार्यलाई व्यवस्थित गर्ने निकायको रूपमा काम गर्न देहाय बमोजिमको प्राज्ञिक परिषद् रहनेछः-

| | |
|---|---|
| (क) उपकुलपति | - संयोजक |
| (ख) डीनहरूमध्येबाट एकजना | - सदस्य |
| (ग) अनुसन्धान निर्देशकहरूमध्येबाट एकजना | - सदस्य |
| (घ) विश्वविद्यालयका प्राध्यापकहरूमध्येबाट कम्तीमा एकजना महिलासहित दुईजना | - सदस्य |
| (ङ) विश्वविद्यालयबाट सञ्चालित कार्यक्रममध्ये फरक-फरक विधाको प्रतिनिधित्व हुने गरी विषय विज्ञमध्येबाट कम्तीमा एकजना महिलासहित दुईजना | - सदस्य |
| (च) निर्देशकमध्येबाट एकजना | - सदस्य |
| (छ) रजिष्ट्रार | - सदस्य-सचिव |

(२) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ) र (च) बमोजिमका सदस्यको मनोनयन दफा २० बमोजिमको सिफारिस समितिको सिफारिसमा परिषद्बाट हुनेछ।

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ) र (च) बमोजिमका मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) प्राज्ञिक परिषद्को बैठकमा विदेशी वा गैर आवासीय नेपाली प्राध्यापक वा अनुसन्धानकर्तालाई आमन्त्रण गर्न सकिनेछ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि प्राज्ञिक परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **<u>प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार</u>**ः प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको आवश्यकता, औचित्य तथा संस्थागत क्षमताको मूल्याङ्कन गरी विश्वविद्यालयले सञ्चालन गर्ने विभिन्न विधाका प्राज्ञिक कार्यक्रमहरू स्वीकृत गर्ने,

(ख) विश्वविद्यालयमा अध्ययन र प्रशिक्षण हुने विषयको पाठ्यक्रम र शिक्षण विधि स्वीकृत गर्ने,

(ग) विश्वविद्यालय अन्तर्गत सञ्चालन हुने प्राज्ञिक कार्यक्रमहरूको उत्कृष्टता सुनिश्चित गर्ने,

(घ) विश्वविद्यालयको प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यक्रमको नीति निर्धारण गर्ने,

(ङ) विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थीको योग्यता, भर्ना हुने विद्यार्थीको सङ्ख्या र भर्ना हुन चाहिने आधार, मापदण्ड, मूल्याङ्कन विधि र प्रक्रिया तोक्ने,

(च) विश्वविद्यालयको शैक्षिक गुणस्तर कायम राख्न आवश्यक कार्य गर्ने,

(छ) विश्वविद्यालयद्वारा प्रदान गरिने विभिन्न उपाधिको लागि परिषद्मा सिफारिस गर्ने तथा स्वीकृत उपाधि प्रदान गर्ने,

(ज) प्राज्ञिक, अनुसन्धान तथा अन्वेषणका विषयमा कार्यकारी परिषद्लाई सुझाव दिने,

(झ) प्राज्ञिक परिषद्को कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यकता अनुसार समिति वा कार्यदल गठन गर्ने,

(ञ) प्राज्ञिक परिषद्सँग सम्बन्धित अन्य कार्यहरू गर्ने।

१३. **कार्यकारी परिषद्:** (१) विश्वविद्यालयको कार्यकारी निकायको रूपमा काम गर्न देहाय बमोजिमको कार्यकारी परिषद् रहनेछः-

(क) उपकुलपति - संयोजक

(ख) डीनहरूमध्येबाट एकजना - सदस्य

(ग) निर्देशकहरूमध्येबाट एकजना - सदस्य

(घ) विश्वविद्यालयका प्राध्यापकहरूमध्येबाट एकजना - सदस्य

(ङ) रजिष्ट्रार - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमका सदस्यको मनोनयन दफा २० बमोजिमको सिफारिस समितिको सिफारिसमा परिषद्बाट हुनेछ।

(३) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि कार्यकारी परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने,

(ख) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(ग) विश्वविद्यालयको कोष तथा चल, अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

(घ) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्कूल, कलेजको सञ्चालन तथा नयाँ कार्यक्रम सञ्चालन गर्न परिषद्मा प्रस्ताव पेश गर्ने,

(ङ) अध्ययन शुल्क निर्धारण गर्ने,

(च) विश्वविद्यालयले प्रदान गर्ने शैक्षिक, अनुसन्धान तथा प्रकाशनको गुणस्तर सुनिश्चित गर्ने, गराउने,

(छ) विश्वविद्यालयलाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सहकारी तथा निजी क्षेत्रबीच समन्वय र सहकार्य गर्ने, र

(ज) परिषद्ले तोकेका कार्य गर्ने, गराउने।

## परिच्छेद-४
## स्कूल र अनुसन्धान केन्द्र

**१५. स्कूलः** (१) विश्वविद्यालयमा अध्ययन, अध्यापन र अनुसन्धान गर्ने प्रयोजनका लागि आवश्यक सङ्ख्यामा विधागत स्कूलहरू रहनेछन्।

(२) विद्यार्थी संख्या, भौतिक स्रोत र साधनको पर्याप्तता तथा कार्यबोझका आधारमा एक वा एकभन्दा बढी कार्यक्रम एउटै स्कूल अन्तर्गत सञ्चालन गर्न सकिनेछ।

(३) स्कूल सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१६. अनुसन्धान केन्द्रः** (१) विश्वविद्यालयमा अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्य गर्नका लागि अनुसन्धान केन्द्र रहनेछ।

(२) अनुसन्धान केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५
## विश्वविद्यालयका पदाधिकारी, अध्यापक तथा कर्मचारी

**१७. कुलपतिः** (१) कुलपति विश्वविद्यालयको प्रमुख हुनेछ।

(२) कुलपतिले विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता गर्नेछ।

(३) परिषद्का सदस्यले दफा ७ को उपदफा (१) को खण्ड (ङ), (च) र (झ) बमोजिम मनोनित सदस्य मध्येबाट कुलपति छनोट गर्नेछन्।

(४) कुलपतिको पदावधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अगावै छनोट प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(५) कुलपतिको पदावधि चार वर्षको हुनेछ र निज अर्को कार्यकालको लागि पुनः नियुक्त हुन सक्नेछ।

१८. <u>उपकुलपतिः</u> (१) विश्वविद्यालयको कार्यकारी प्रमुखको हैसियतमा कार्यसम्पादन गर्न विश्वविद्यालयमा एकजना उपकुलपति रहनेछ।

(२) परिषद्ले दफा २० बमोजिमको सिफारिस समितिको सिफारिसमा उपकुलपति नियुक्त गर्नेछ।

(३) उपकुलपतिको पदावधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अगावै नियुक्ति प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(४) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ र निज अर्को कार्यकालको लागि पुनः नियुक्त हुन सक्नेछ।

१९. <u>उपकुलपतिको योग्यता</u>ः देहायको योग्यता भएको व्यक्ति उपकुलपतिमा नियुक्त हुन योग्य हुनेछः-

(क) मान्यताप्राप्त कुनै विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,
(ख) प्राज्ञिक क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव भएको,
(ग) शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको,
(घ) पैंतीस वर्ष उमेर पूरा भएको, र
(ङ) उच्च नैतिक चरित्र भएको।

२०. <u>सिफारिस समितिः</u> (१) परिषद्ले यस ऐन बमोजिम उपकुलपति, रजिष्ट्रार तथा परिषद्, प्राज्ञिक परिषद् र कार्यकारी समितिका सदस्य पदमा नियुक्तिका लागि सिफारिस गर्न कम्तीमा एकजना महिला रहने गरी देहाय बमोजिमको सिफारिस समिति गठन गर्नेछः-

(क) परिषद्ले तोकेको परिषद्को सदस्य -संयोजक
(ख) प्रचलित कानून बमोजिम स्थापना भएको विश्वविद्यालयको पूर्व उपकुलपति वा पूर्व अध्यक्ष वा प्राध्यापकमध्येबाट परिषद्ले मनोनित गरेको एकजना -सदस्य
(ग) अर्थशास्त्र, ईन्जिनियरिङ्ग, आर्किटेक्चर, कानून, व्यवस्थापन, विज्ञान, शिक्षा, समाजशास्त्र, चिकित्सा शास्त्र, मानविकी वा शैक्षिक प्रशासन सम्बद्ध व्यक्तिमध्येबाट परिषद्ले मनोनित गरेको एकजना -सदस्य

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले उपकुलपति वा रजिष्ट्रार पदमा नियुक्तिका लागि सिफारिस गर्न योग्य उम्मेदवारबाट सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नुपर्नेछ।

(३) सिफारिस समितिले उपदफा (२) बमोजिम प्राप्त दरखास्तको छनोट तथा नियुक्तिका लागि योग्य उम्मेदवारको सिफारिस तोकिए बमोजिम गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएको व्यक्तिलाई परिषद्ले पन्ध्र दिनभित्र उपकुलपति पदमा नियुक्ति गर्नु पर्नेछ।

२१. <u>उपकुलपतिको काम, कर्तव्य र अधिकार</u>ः (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को निर्णय र निर्देशन कार्यान्वयन गर्ने वा गराउने,

(ख) विश्वविद्यालयका सबै काम कारबाहीउपर नियन्त्रण र रेखदेख गर्ने,

(ग) विश्वविद्यालयको काम कारबाहीमा आफ्नो अधिकारक्षेत्रभित्र रहेको विषयमा निर्देशन दिने,

(घ) विश्वविद्यालयद्वारा सञ्चालित कार्यक्रमहरूको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने वा गराउने र सोको प्रतिवेदन कार्यकारी परिषद्मा पेश गर्ने वा गराउने,

(ङ) परिषद्मा पेश गर्नु पर्ने प्रस्ताव तयार गर्न लगाउने,

(च) विश्वविद्यालयको विकासका लागि अल्पकालीन र दीर्घकालीन कार्यक्रम तय गर्ने, गराउने,

(छ) विश्वविद्यालयलाई आवश्यक पर्ने स्रोतको व्यवस्था गर्ने,

(ज) आर्थिक अनुशासन, मितव्ययिता र पारदर्शिता कायम गर्ने, गराउने,

(झ) विश्वविद्यालयको सम्पत्तिको व्यवस्थापन, सुरक्षा र संरक्षण गर्ने, गराउने,

(ञ) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भएदेखि बाहेकका अन्य काम गर्ने,

(ट) विश्वविद्यालयसँग सम्बन्धित जनगुनासो विश्लेषण गरी सोको सम्बोधन तथा व्यवस्थापन गर्ने, र

(ठ) परिषद्ले तोकेका अन्य काम गर्ने।

(२) उपदफा (१) को खण्ड (ञ) बमोजिम उपकुलपतिले गरेको काम कारबाहीको जानकारी निजले लगत्तै बस्ने परिषद्को बैठकमा पेश गर्नुपर्नेछ।

२२. <u>रजिष्ट्रारः</u> (१) विश्वविद्यालयमा एकजना रजिष्ट्रार रहनेछ।

(२) रजिष्ट्रारको नियुक्ति दफा २० बमोजिमको सिफारिस समितिको सिफारिसमा कुलपतिले गर्नेछ।

(३) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

२३. <u>रजिष्ट्रारको योग्यता</u>ः देहायको योग्यता भएको व्यक्ति रजिष्ट्रारमा नियुक्त हुन योग्य हुनेछः-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) प्राज्ञिक वा शैक्षिक प्रशासन वा अनुसन्धानको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको,

(ग) प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको,

(घ) पैंतीस वर्ष उमेर पूरा भएको,

(ङ) उच्च नैतिक चरित्र भएको।

२४. **<u>रजिष्ट्रारको काम, कर्तव्य र अधिकार</u>**ः (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको प्राज्ञिक मामिलाको नेतृत्व र समन्वय गर्ने,

(ख) शिक्षण, प्रशिक्षण र अनुसन्धानको स्तर कायम राख्ने,

(ग) विश्वविद्यालयको अनुसन्धान कार्यमा नेतृत्व र समन्वय गर्ने,

(घ) शैक्षिक कार्यक्रमको तयारी र कार्यान्वयनका सम्बन्धमा रेखदेख, अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने,

(ङ) अध्यापक तथा कर्मचारीको वृत्ति विकास र शैक्षिक आदान प्रदान कार्यक्रम सम्बन्धी कार्य गर्ने,

(च) पदक तथा छात्रवृत्ति प्रदान सम्बन्धी कार्य गर्ने,

(छ) पाठ्यक्रम, पाठ्यपुस्तक, पुस्तकालय, परीक्षा सम्बन्धी नीति, योजना र कार्यक्रमको निर्धारण, समन्वय तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(ज) शैक्षिक विषयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा समन्वय कायम गर्ने,

(झ) शैक्षिक प्रणालीको नियमन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ञ) विद्यार्थीहरूको अतिरिक्त क्रियाकलाप, खेलकुद, सामाजिक सेवासम्बन्धी कार्यक्रमको नीति निर्धारण तथा समन्वय र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(ट) मातहतका पदाधिकारी र शैक्षिक विभाग तथा शिक्षण संस्थाहरूको रेखदेख, नियन्त्रण, मूल्याङ्कन, समन्वय सम्बन्धी कार्य गर्ने,

(ठ) प्राज्ञिक र शैक्षिक गुणस्तर निर्धारण गर्न निर्देशन दिने,

(ड) शैक्षिक मामिलामा उपकुलपतिलाई राय सुझाव तथा परामर्श दिने,

(ढ) अध्यापक तथा विश्वविद्यालयको कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

(ण) विश्वविद्यालयको कोष सञ्चालन, लेखा र लेखापरीक्षण गर्ने, गराउने,

(त) विश्वविद्यालयका लागि आर्थिक स्रोत जुटाउने सम्बन्धी कार्य गर्ने,

(थ) आन्तरिक प्रशासन सम्बन्धी नीति तथा योजनाको तर्जुमा गर्ने र सोको कार्यान्वयन गर्ने, गराउने,

(द) विश्वविद्यालयको सम्पत्तिको व्यवस्थापन, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने,

(ध) विश्वविद्यालयको आर्थिक आय-व्ययको अनुमान तयार गर्ने, गराउने,

(न) स्कूल, कलेज, अनुसन्धान केन्द्र लगायतका विश्वविद्यालय अन्तर्गतका सबै निकायको निरीक्षण गर्ने र प्रशासन तथा व्यवस्थापन कार्यमा कुनै त्रुटि देखिएमा सुधार गर्ने,

(प) विश्वविद्यालयद्वारा सञ्चालन गरिने परीक्षाको रेखदेख, नियन्त्रण र व्यवस्थापन गर्ने,

(फ) कार्यकारी परिषद् तथा उपकुलपतिको निर्देशन बमोजिम अन्य कार्य गर्ने।

(२) उपदफा (१) बमोजिम रजिष्ट्रारले कार्य सम्पादन गर्दा उपकुलपतिको सामान्य नियन्त्रण र निर्देशनमा रही सम्पादन गर्नु पर्नेछ।

२५. **<u>पदबाट हटाउने:</u>** (१) कुलपतिले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरुपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी आधार र कारणसहित परिषद्मा तत्काल कायम रहेका कम्तीमा तीनजना सदस्यले परिषद्मा लिखित निवेदन दिन सक्नेछन्।

(२) उपकुलपतिले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी आधार र कारणसहित परिषद्मा तत्काल कायम रहेका कम्तीमा तीन जना सदस्यले कुलपति समक्ष लिखित निवेदन दिन सक्नेछन्।

(३) रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी आधार र कारणसहित रजिष्ट्रारलाई पदबाट हटाउन उपकुलपतिले परिषद्मा सिफारिस गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम प्राप्त निवेदन वा उपदफा (३) बमोजिम उपकुलपतिको सिफारिसउपर छानबिन गर्न एक्काईस दिनभित्र परिषद्ले परिषद्को सदस्यको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ।

(५) उपदफा (४) बमोजिमको छानबिन समितिले विश्वविद्यालयको पदाधिकारी वा अन्य विज्ञको समेत सहयोग लिन सक्नेछ।

(६) छानबिन समितिले छानबिन गर्दा कुलपति, उपकुलपति वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको देखिएमा पदबाट हटाउन परिषद् समक्ष सिफारिस गर्नेछ। त्यस्तो सिफारिस छानबिन सम्बन्धी कार्य प्रारम्भ गरेको मितिले एक महिनाभित्र गरिसक्नु पर्नेछ।

(७) उपदफा (४) बमोजिमको छानबिन समितिले सम्बन्धित पदाधिकारीलाई पदबाट हटाउने गरी सिफारिस गर्नुपूर्व निजउपर लागेको आरोपको सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सिफारिस प्राप्त भएको मितिले तीस दिनभित्र परिषद्को तत्काल कायम रहेका बहुमत सदस्यले कुलपति, उपकुलपति वा रजिष्ट्रारलाई पदबाट हटाउने सम्बन्धमा निर्णय गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम पदबाट हटाउन सिफारिस गरेको मितिदेखि सोको अन्तिम निर्णय नभएसम्मका लागि कुलपति, उपकुलपति वा रजिष्ट्रार आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

(१०) कुलपति, उपकुलपति वा रजिष्ट्रार निलम्बन भएको अवस्थामा निजले सम्पादन गर्ने कामको अर्को व्यवस्था परिषद्ले निर्णय गरे बमोजिम हुनेछ।

२६. **डीनः** (१) प्रत्येक स्कूल प्रमुखको हैसियतमा पूरा समय काम गर्ने पदाधिकारीको रूपमा एकजना डीन रहनेछ।

तर आवश्यक परेमा कुनै डीनलाई एकभन्दा बढी स्कूल प्रमुखको जिम्मेवारी दिन बाधा पर्ने छैन।

(२) मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विधामा स्नातकोत्तर गरी कम्तीमा आठ वर्षको प्राध्यापन सम्बन्धी अनुभव हासिल गरेको व्यक्तिलाई उपकुलपतिको सिफारिसमा कार्यकारी परिषद्ले डीन नियुक्ति गर्नेछ।

(३) डीनको पदावधि चार वर्षको हुनेछ।

२७. **डीनको काम, कर्तव्य र अधिकार**: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त डीनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्कूल प्रमुखको रूपमा प्राज्ञिक तथा शैक्षिक नेतृत्व गर्ने,

(ख) स्कूल अन्तर्गतका विषयमा पठनपाठन र अनुसन्धानको स्तर विकासका लागि आवश्यक पर्ने कार्य गर्ने, गराउने,

(ग) स्कूल अन्तर्गतका कलेजमा सञ्चालित पठनपाठन र अनुसन्धानको गुणस्तर विकासका लागि आवश्यक कार्य गर्ने, गराउने,

(घ) कलेजहरूलाई शैक्षिक एवं अनुसन्धानको लागि सहयोग र सुविधा दिन सिफारिस गर्ने,

(ङ) कार्यकारी परिषद्बाट तोकिएका आफ्नो स्कूल अन्तर्गतका कलेजको निरीक्षण, व्यवस्थापन, रेखदेख र समन्वयकर्ताको रूपमा काम गर्ने।

२८. **निर्देशकः** (१) अनुसन्धान केन्द्रको प्रमुखको रूपमा निर्देशक रहनेछन्।

(२) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित विषय र क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेका व्यक्तिहरूमध्ये उपकुलपतिको सिफारिसमा कार्यकारी परिषद्ले निर्देशक नियुक्ति गर्नेछ।

(३) निर्देशकको पदावधि चार वर्षको हुनेछ।

२९. **निर्देशकको काम, कर्तव्य र अधिकार:** निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुसन्धान केन्द्रको आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) अनुसन्धान केन्द्रको वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गराई स्वीकृतिका लागि पेश गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनका लागि स्रोत व्यवस्थापन र परिचालन गर्ने, प्रत्यायोजित एवं निर्देशित काम गर्ने, गराउने,

(घ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

३०. **प्रिन्सिपल**: (१) कलेज प्रमुखको रूपमा प्रिन्सिपल रहनेछ।

(२) मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विधामा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कम्तीमा पाँच वर्षको प्राध्यापनको अनुभव हासिल गरेको व्यक्तिलाई उपकुलपतिको सिफारिसमा कार्यकारी परिषद्ले प्रिन्सिपल नियुक्ति गर्नेछ।

(३) प्रिन्सिपलको पदावधि चार वर्षको हुनेछ।

(४) प्रिन्सिपलको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३१. **डीन, निर्देशक तथा प्रिन्सिपल हटाउने**: (१) दफा २६ को उपदफा (३), दफा २८ को उपदफा (३) र दफा ३० को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि डीन, निर्देशक वा प्रिन्सिपलले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी कसैले पनि उपकुलपति समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा उल्लिखित व्यहोरा विश्वसनीय हो भन्ने आधार देखिएमा छानबिन गर्ने प्रयोजनको लागि कार्यकारी परिषद्ले कार्यकारी परिषद्को कुनै सदस्यको अध्यक्षतामा तीनजना सदस्य रहेको एक छानबिन समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको छानबिन समितिले छानबिन गर्दा डीन, निर्देशक वा प्रिन्सिपलले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको देखिएमा त्यस्तो डीन, निर्देशक वा प्रिन्सिपललाई पदबाट हटाउन कार्यकारी परिषद्मा सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस प्राप्त भएमा कार्यकारी परिषद्ले त्यस्तो डीन, निर्देशक वा प्रिन्सिपललाई पदबाट हटाउन उपकुलपति समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (२) बमोजिमको छानबिन समितिले पदबाट हटाउने गरी सिफारिस गर्नुपूर्व सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिमको सिफारिसको आधारमा उपकुलपतिले डीन, निर्देशक वा प्रिन्सिपललाई पदबाट हटाउनेछ।

३२. **अध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था:** (१) विश्वविद्यालयमा आवश्यक संख्यामा अध्यापक तथा कर्मचारी रहनेछन्।

(२) उपकुलपतिले विश्वविद्यालयको आफ्नै स्रोतबाट व्यहोर्ने गरी अध्यापक वा कर्मचारीको पदमा नियुक्त गर्नेछ।

(३) विश्वविद्यालयका अध्यापक तथा कर्मचारी नियुक्तिको लागि सिफारिस गर्न परिषद्ले एक पदपूर्ति समिति गठन गर्नेछ।

(४) पदपूर्ति समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ।

(५) विश्वविद्यालयलाई आर्थिक भार नपर्ने गरी कुनै दाताले विश्वविद्यालयको नाममा तोकिए बमोजिमको रकम बराबरको अक्षयकोष खडा गरी कुनै विधा विशेषमा ख्याति प्राप्त स्वदेशी वा विदेशी विशिष्ट विद्वानलाई विश्वविद्यालयको प्राज्ञिक वा अनुसन्धान कार्यमा योगदान गराउन चाहेमा परिषद्को सहमति लिई उपकुलपतिले त्यस्ता व्यक्तिलाई दाता वा दाताले इच्छाइएको व्यक्तिको नाम जोडिएको इन्डाउड प्राध्यापक वा विभागीय प्रमुखको हैसियतमा नियुक्त गर्न सक्नेछ।

(६) विश्वविद्यालयको प्राज्ञिक वा अनुसन्धान कार्यमा लामो समयसम्म समर्पित भई विशिष्ट योगदान गरेका स्वदेशी वा विदेशी वरिष्ठ प्राध्यापकलाई आवश्यकता अनुसार परिषद्को स्वीकृतिमा तोकिए बमोजिमको प्रक्रियाबाट उपकुलपतिले विशिष्ट (इमेरिट्स) प्राध्यापकको रूपमा सम्मान प्रदान गर्न सक्नेछ।

(७) ज्ञानको कुनै विधा विशेषमा विशिष्ट क्षमता राख्ने वा अनुभव भएका स्वदेशी वा विदेशी विज्ञ वा विद्वानलाई विश्वविद्यालयको आवश्यकता अनुसार तोकिए बमोजिमको प्रक्रिया पूरा गरी उपकुलपतिले आगन्तुक प्राध्यापक वा कार्यानुभवी प्राध्यापकको रूपमा नियुक्त गर्न सक्नेछ।

३३. **प्राज्ञिक सहकार्य:** (१) कुनै विदेशी विश्वविद्यालयसँग भएको प्राविधिक सहायता, सम्झौता वा समझदारी बमोजिम त्यस्तो विदेशी विश्वविद्यालयको बहालवाला वा सेवानिवृत्त अध्यापक वा विज्ञले स्वयंसेवकको रूपमा वा त्यस्तो विदेशी विश्वविद्यालयले निजको पारिश्रमिक व्यहोर्ने गरी विश्वविद्यालयमा अध्ययन, अध्यापन, प्रशिक्षण वा अन्य कुनै प्राज्ञिक कार्य सम्पादन गर्न सक्नेछ।

(२) दफा ३४ बमोजिम पद रिक्त भई तत्काल पदपूर्ति हुने अवस्था नरहेमा विश्वविद्यालयको स्वीकृत दरबन्दीमा उपकुलपतिको स्वीकृति लिई अध्यापकलाई डीनले, केन्द्रीय विभागका

कर्मचारीलाई रजिष्ट्रारले र अन्य कर्मचारीको हकमा सम्बन्धित निर्देशकले करार गरी काममा लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम करारबाट काममा लगाइएका अध्यापक तथा कर्मचारीको काम, कर्तव्य, अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका शर्त त्यस्तो करारमा उल्लेख भए बमोजिम हुनेछ।

३४. **<u>पदाधिकारीको पद रिक्त हुने अवस्था</u>**ः देहायका अवस्थामा पदाधिकारीको पद स्वतः रिक्त भएको मानिनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) यस ऐन बमोजिम पदबाट हटाइएमा,

(घ) निजको मृत्यु भएमा।

## परिच्छेद-६
## <u>विश्वविद्यालयको कोष, लेखा र लेखापरीक्षण</u>

३५. **<u>विश्वविद्यालयको कोष:</u>** (१) विश्वविद्यालयको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) कुनै व्यक्ति वा संस्थाबाट चन्दा, दान, दातव्य वा आर्थिक सहायतास्वरूप प्राप्त रकम,

(ख) विदेशी व्यक्ति वा सरकार र अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम,

(ग) शिक्षण शुल्कबाट प्राप्त रकम,

(घ) विश्वविद्यालयको बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारबाट प्राप्त रकम, र

(ङ) विश्वविद्यालयले आर्जन गरेको अन्य सबै प्रकारको रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुअघि विश्वविद्यालयले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) विश्वविद्यालयको पूर्वाधार निर्माण गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विश्वविद्यालय अनुदान आयोगले विश्वविद्यालयलाई अनुदान उपलब्ध गराउन सक्नेछ।

(५) विश्वविद्यालयको कोषको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(६) विश्वविद्यालयको सबै खर्चहरू विश्वविद्यालय परिषद्बाट स्वीकृत भए बमोजिम उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(७) विश्वविद्यालयको कोष र खाता सञ्चालन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

३६. **<u>लेखा र लेखापरीक्षण</u>**: (१) विश्वविद्यालयले आफ्नो आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ।

(२) विश्वविद्यालयले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) विश्वविद्यालयको आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिमको दर्तावाला लेखा परीक्षकमध्ये परिषद्बाट नियुक्त लेखापरीक्षकबाट गराउनु पर्नेछ।

(४) विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-७
## <u>विविध</u>

३७. **<u>शिक्षण पद्धति तथा शैक्षिक कार्यक्रमको मूल्याङ्कन</u>**: विश्वविद्यालयबाट सञ्चालन गरिने शैक्षिक कार्यक्रम, शिक्षण पद्धति तथा विद्यार्थीको सिकाई उपलब्धिको मूल्याङ्कन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. **<u>प्रमाणपत्र र उपाधि दिने तथा समकक्षता र स्तर निर्धारण</u>**: (१) विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको प्रमाणपत्र र उपाधि प्रदान गर्नेछ।

(२) विश्वविद्यालयले अनुसन्धान र प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

(३) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई आफ्नो प्रयोजनको लागि मान्यता, समकक्षता र स्तर निर्धारण गर्न सक्नेछ।

(४) प्रमाणपत्र, उपाधि, समकक्षता, मान्यता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३९. **<u>पदाधिकारीको सेवा सुविधा तथा पारिश्रमिक:</u>** (१) कुलपति तथा सदस्यको सेवा र सुविधा परिषद्बाट निर्धारण भए बमोजिम हुनेछ।

(२) कुलपति तथा सदस्य बाहेक अन्य पदाधिकारीको सेवा सुविधा, पारिश्रमिक तथा सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ।

४०. **<u>विद्यार्थी भर्ना हुन चाहिने योग्यता:</u>** विश्वविद्यालयमा भर्ना हुन चाहिने विद्यार्थी तथा अनुसन्धानकर्ताको योग्यता तोकिए बमोजिम हुनेछ।

४१.	**छात्रवृत्ति सम्बन्धी व्यवस्था:** (१) विश्वविद्यालयमा भर्ना भएका विद्यार्थीको लागि विश्वविद्यालयले छात्रवृत्ति सम्बन्धी प्रचलित कानून बमोजिम छात्रवृत्ति उपलब्ध गराउनेछ।

(२) विश्वविद्यालयले दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको निःशुल्क छात्रवृत्तिको लागि सिट सुरक्षित गर्नेछ।

(३) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका, मधेशी, आदिवासी/जनजाति, खस आर्य, थारु, मुस्लिम, महिला र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गर्नेछ।

४२.	**सम्बन्धन वा स्वीकृति नदिने:** विश्वविद्यालयले अन्य शैक्षिक संस्थालाई सम्बन्धन वा स्वीकृति दिने छैन।

४३.	**काम कारबाही बदर नहुने:** पदाधिकारीको स्थान रिक्त भएको वा पदाधिकारीको नियुक्ति वा मनोनयनमा त्रुटि भएको कारणले मात्र त्यस्तो पदाधिकारी संलग्न भई गरेको विश्वविद्यालयको कुनै काम कारबाही बदर हुने छैन।

४४.	**वार्षिक प्रतिवेदन:** (१) विश्वविद्यालय परिषद्ले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन विश्वविद्यालय अनुदान आयोगमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा खुलाउनु पर्ने विषयहरू तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि विश्वविद्यालय अनुदान आयोगले विश्वविद्यालयको उपलब्धि, विश्वविद्यालय र अनुदान आयोगबीच अनुदान निर्धारणको क्रममा गरिएको सहमति बमोजिम विश्वविद्यालयको लक्ष्यको तुलनामा आधारित विश्लेषणात्मक विवरण सहितको विश्वविद्यालयको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

४५.	**समिति वा कार्यदल गठन:** (१) विश्वविद्यालयले आवश्यकता अनुसार समिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा कार्यदलको काम, कर्तव्य र अधिकार त्यस्तो समिति वा कार्यदल गठन गर्दाका बखत तोके बमोजिम हुनेछ।

४६.	**बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार:** (१) विश्वविद्यालयले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम विश्वविद्यालयमा सुरक्षित रहनेछ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालयमा संलग्न रही अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति आर्जनमा संलग्न अनुसन्धानकर्ता वा अन्य व्यक्तिलाई पहिचान वा पुरस्कार वा तोकिए बमोजिम रोयल्टीको केही हिस्सा उपलब्ध गराउन सक्नेछ।

४७. **विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई नियुक्ति वा मनोनयन गर्न सकिने**: विश्वविद्यालयमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई कुलपति बाहेकको पदाधिकारी वा अध्यापक वा अनुसन्धानकर्ता पदमा नियुक्ति वा मनोनयन गर्न सकिनेछ।

४८. **स्वार्थ बाझिएमा काम कारबाही गर्न नहुने**: यस ऐन अन्तर्गत मनोनयन वा नियुक्त हुने पदाधिकारीले विश्वविद्यालयको हित वा सरोकारसँग स्वार्थ बाझिने देखिएमा निज त्यस्तो काम कारबाही वा निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैन।

४९. **बाह्य मूल्याङ्कन गरिने:** (१) विश्वविद्यालयले प्रत्येक तीन वर्षमा विश्वविद्यालयबाट भए गरेका काम कारबाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धि लगायतका विषयमा तोकिए बमोजिम बाह्य मूल्याङ्कन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बाह्य मूल्याङ्कनको प्रतिवेदन परिषद्मा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कन प्रतिवेदन विश्वविद्यालय परिषद्ले तीन वर्षको अवधि समाप्त भएको मितिले छ महिनाभित्र मन्त्रालय मार्फत् नेपाल सरकार समक्ष पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन नेपाल सरकार समक्ष पेश भएपछि त्यस्तो प्रतिवेदन विश्वविद्यालयले सार्वजनिक गर्नेछ।

५०. **निरीक्षण र जाँचबुझ गरी निर्देशन दिन सक्ने:** (१) दफा ४४ बमोजिमको वार्षिक प्रतिवेदन, दफा ४९ बमोजिमको बाह्य मूल्याङ्कन प्रतिवेदन वा अन्य कुनै माध्यमबाट प्राप्त सूचनाको आधारमा विश्वविद्यालयको काम कारबाही वा प्रगति सन्तोषजनक नदेखिएमा वा विश्वविद्यालयमा अनियमितता वा भ्रष्टाचार भएकोमा वा विश्वविद्यालयले आफ्नो उद्देश्य अनुरूप काम कारबाही गर्न नसकेकोमा वा अन्य कुनै कारणबाट विश्वविद्यालयको सञ्चालनमा बाधा उत्पन्न भएकोमा मन्त्रालयले देहाय बमोजिमको निरीक्षण तथा जाँचबुझ समिति गठन गरी विश्वविद्यालयको काम कारबाहीको निरीक्षण र जाँचबुझ गर्न, गराउन सक्नेछः-

(क) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग -अध्यक्ष

(ख) अर्थशास्त्र, लेखा, व्यवस्थापन क्षेत्रका विज्ञहरूमध्येबाट एकजना -सदस्य

(ग) शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट एकजना -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले निरीक्षण र जाँचबुझ गरी सुझाव सहित मन्त्रालयमा प्रतिवेदन पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन कार्यान्वयन गर्न मन्त्रालयले विश्वविद्यालयलाई आवश्यक निर्देशन दिनेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा कुनै पदाधिकारीलाई हटाउनुपर्ने भएमा दफा २५ बमोजिम गर्न मन्त्रालयले निर्देशन दिन सक्नेछ।

(५) उपदफा (३) र (४) बमोजिमको निर्देशन कार्यान्वयन गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ।

(६) विश्वविद्यालयको सञ्चालनमा कुनै किसिमले बाधा अवरोध भएकोमा मन्त्रालयले विश्वविद्यालय सञ्चालनको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।

५१. **विश्वविद्यालयको सम्पत्ति नेपाल सरकारको हुने:** कुनै कारणबाट विश्वविद्यालय सञ्चालन हुन नसकी विघटन भएमा विश्वविद्यालयको सम्पूर्ण सम्पत्ति नेपाल सरकारको हुनेछ।

५२. **अधिकार प्रत्यायोजन:** (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञिक परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार तोकिएको निकाय वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कार्यकारी परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै पदाधिकारी वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(४) कुनै पदाधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतका कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५३. **सूचना प्रविधिको प्रयोग:** (१) विश्वविद्यालयले विश्वविद्यालयको काममा आवश्यकता अनुसार सूचना तथा सञ्चार प्रविधिको उपयुक्त माध्यम प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रविधि प्रयोग गरी भए वा गरेको कुनै पनि काम-कारबाही, पठन-पाठन, मूल्याङ्कन वा परीक्षा सञ्चालन रीतपूर्वक भए वा गरेको मानिनेछ।

५४. **शिक्षण शुल्क निर्धारण गर्ने:** (१) परिषद्ले विश्वविद्यालयमा अध्ययन वा अनुसन्धान गर्ने विद्यार्थी वा अनुसन्धानकर्ताले बुझाउनु पर्ने शिक्षण शुल्क निर्धारण गर्नेछ।

तर विश्वविद्यालयले कुनै विद्यार्थी वा अनुसन्धानकर्तालाई कुनै खास विषयमा अनुसन्धान गर्ने प्रयोजनको लागि नियुक्त गरेको वा तोकेकोमा त्यस्तो विद्यार्थी वा अनुसन्धानकर्तालाई पारिश्रमिक उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम शुल्क निर्धारण गर्दा नेपाली नागरिक तथा विदेशी नागरिकको लागि फरक-फरक शुल्क र फरक-फरक शर्त हुने गरी तोक्न सक्नेछ।

(३) विदेशी नागरिकले विश्वविद्यालयमा अध्ययन गर्दा परिषद्ले अन्यथा निर्णय गरेकोमा बाहेक विदेशी मुद्रामा शुल्क भुक्तानी गर्नुपर्नेछ।

५५. **नेपाल सरकारसँग सम्पर्क:** विश्वविद्यालयले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् राख्नु पर्नेछ।

५६. **ऐन कार्यान्वयन मापन:** यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र सो अवधि पश्चात् प्रत्येक पाँच वर्षमा मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ।

५७. **नियम बनाउने अधिकार:** (१) यस ऐनको कार्यान्वयनको लागि परिषद्ले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी देहायका विषयमा नियम बनाउन सकिनेछः-

(क) कुलपति र सदस्य बाहेक अन्य पदाधिकारीको सेवा सुविधा, पारिश्रमिक तथा सेवाका शर्त सम्बन्धी विषय,

(ख) अध्यापक तथा विश्वविद्यालयका कर्मचारीको सेवा सुविधा, पारिश्रमिक तथा सेवाका शर्त सम्बन्धी विषय,

(ग) आर्थिक प्रशासन सम्बन्धी विषय,

(घ) खरिद सम्बन्धी विषय,

(ङ) ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयहरू।

(३) उपदफा (१) बमोजिम नियम बनाउँदा नेपाल सरकारलाई कुनै पनि आर्थिक व्ययभार नपर्ने गरी नियम बनाउनु पर्नेछ।

५८. **खारेजी र बचाउ:** (१) नेपाल विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७ खारेज गरिएको छ।

(२) नेपाल विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) दफा (७) को उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा (७) को उपदफा (२) र (४) को प्रयोजनको लागि उपदफा (१) बमोजिमको समिति कायमै रहेको मानिनेछ।